परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक



समाचार पृष्ठ ४ मा ...

## गौशालामा मुस्लिम समुदायले मनाए 'मोहम्मद डे'

• वर्ष २ • अंक ११९ • २०८० असोज १२ गते शुक्रबार • (29-Sept-2023) • पृष्ठ ४ • मुल्य रु ५।- www.talknepaltv.com

# एमाले मधेश प्रदेशको पहिलो अधिवेशन असोज २४ र २५ गत्ते हुने



■ टक नेपाल

जनकपुरधाम । नेकपा एमाले मधेस प्रदेशको प्रदेश कमिटीको अधिवेशन अगामी असोज २४ र २५ गते जनकपुरधाममा हुने भएको छ । जनकपुर धामस्थित महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक केन्द्रमा हुने अधिवेशनको उद्धाटन पार्टी अध्यक्ष केपी ओलीले गर्नेछन् । अधिवेशनका लागि एमालेले नारा र लोगो समेत सार्वजनिक गरेको छ । बिहीबार जनकपुर धाममा आयोजित पत्रकार सम्मेलनमा पार्टीका मधेश प्रदेश इन्चार्ज योगेश भट्टराई, पोलिटब्युरो सदस्यद्वय लिलानाथ श्रेष्ठ र जुली महतोसहितले संयुक्त रुपमा अधिवेशनको नारा र लोगो सार्वजनिक गरेका हुन् । अधिवेशनका लागि प्रदेशका ८ वटै जिल्लामा पार्टी सदस्यता नविकरण, नयाँ सदस्यता वितरण, २३ वटै जनसंगठनको प्रदेशस्तरीय अधिवेशन सम्पन्न भइसकेको पत्रकार सम्मेलनमा जानकारी दिइएको छ । प्रदेश अधिवेशनको नारा 'सामाजिक न्याय र सुशासन हाम्रो कार्यभार, मधेशको स्वाभिमान र समृद्धिको लागि एमाले सरकार' तय गरिएको छ। २०४८ सालको निर्वाचनसम्म यहीं नारालाई मधेश प्रदेशभर विस्तार गर्ने र यहीं नाराको वरिपरि सिंगो मधेशलाई एकताबद्ध रुपमा गोलबन्द गर्ने पार्टीका प्रदेश अध्यक्ष रामअवतार यादवले बताए । सार्वजनिक गरिएको लोगोले मधेश प्रदेशको सांस्कृतिक एवं धार्मिक विविधिताको सम्मान, उद्योग, कृषि, पर्यटन जस्ता क्षेत्रमा तिब्र विकासको आवश्यक्तालाई उजार गर्न खोजिएको उनले बताए । अधिवेशनका लागि विभिन्न समिति र उपसमिति समेत बनाइएको छ ।

# प्रत्यक्ष प्रशारण (लाईभ)को माग गर्दै गौशालाकी उपमेयर महतोद्वारा कार्यपालिका बैठक बहिष्कार




■ टक नेपाल

गौशाला । महोत्तरीको गौशाला नगरपालिकाकी उपमेयर रेणु कुमारी महतोले प्रत्यक्ष प्रशारण (लाईभ) कार्यपालिका बैठक हुनुपर्ने माग गर्दै बहिष्कार गरेको छ । गौशाला नगर पालिका बैठकको औपचारिक जानकारी नआएको तथा मोबाईल (विद्युतीय) माध्यम मार्फत जानकारी आएकोले सबै जनताले थाहा पाउने गरी लाईभ हुनुपर्ने माग सहित लाईभ नभए बैठक बहिष्कार गर्ने जनाएको हो। उपमेयर महतोले नगरपालिकाको हरेक विषयवस्तु आम जनताले जान्न पाउनुपर्ने अधिकार रहेकोले कार्यपालिका बैठकका हरेक निर्णय र पालिका बैठक समेत सञ्चालन गर्न माग गरेको हो । उनले भनिन, 'नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० मा गरेको कामहरुको विवरण तथा खर्च विवरण समेत उपलब्ध नगराएको र कार्यपालिका बैठकको आडमा अनियमित कामहरु भित्रभित्रै गर्ने परिपाटी बढेकोले त्यसलाई रोक्न बैठक प्रत्यक्ष प्रशारण (लाईभ) गर्न आवश्यक छ।' उनले प्रेस विज्ञप्तिमा लेखेकी छिन, 'असोज १२ गते बोलाईएको बैठकमा विभिन्न अमर्यादित, उत्छृङख्ल गतिविधि गर्ने मनसाय र नगरपालिकाबासीको मनोभावना विपरित रहेको हुँदा कार्यपालिका बैठक प्रत्यक्ष प्रसारण मार्फत गर्न जोडदार माग गर्दछु, अन्यथा बैठक नियमित रुपमा गर्ने जानकारी सम्पुर्ण आम जनसमुदायलाई विज्ञप्ति मार्फत जानकारी गराउन चाहन्छु ।' गौशाला नगरपालिकाको मेयर र उपमेयर बीचमा अधिकारको विषयमा पटक पटक विवाद हुँदै आएको छ । उपमेयर महतोले संविधान प्रदतः अधिकार समेत मिचेर एकलौटी गर्न खोजेको आरोप लगाउँदै आएकी छिन् । यस अधिको कार्यपालिका बैठकमा दुवै पक्ष बीच झडप समेत भएको थियो ।

# मधेशमा हरेक तीन दिनमा एक जनाको डुबेर मृत्यु

## धेरै घटनामा स्थानीय सरकारको लापरबाही, हुँदैन फेरि कसैलाई कारबाही

■ रेहित महतो

जनकपुरधाम । असोज ६ गते धनुषाको बटेश्वर गाउँपालिका–१ धुमासन टोलका ११ वर्षका धिरजकुमार महतो साथीहरूसँग खेल्न हिंडे। घरबाट करिब एक किलोमिटरको दुरीमा रहेको विगही खोला किनारमा खेल्दाखेल्दै नजिकै खाल्डोमा पानी जमेको देखे । उखरमाउलो गर्मी थियो । पौडी खेल्न मिल्ने जति पानी देखेपछि धिरज थामिन सकेनन् खाल्डोमा पसे । उनीसँगै गएका साथीका अनुसार सुरूमा पानीको गहिराइँ नाप्न उनी खुट्टा खाल्डोमा राखे।खुट्टा टेक्नसाथ चिप्ले र खाल्डोमै बिलाए । केहीबेरसम्म पानीबाट धिरज ननिस्केपछि खेलिरहेका उनका साथीहरूले बाहिरबाट बोलाए। तर धिरजको अत्तोपत्तो नभएपछि उनीहरू आँत्तिए । डुबेको हुनसक्ने भन्दै उनीहरूले हल्लाखल्ला गर्दै मान्छेहरू बोलाए। छेउकै खेतमा काम गरिरहेका बटेश्वर गाउँपालिका–३ का बिडिलाल महतो दौडिँदै आए र पानीमा पसे। तर, खाल्डो यति गहिरो थियो कि उनले धिरजलाई उद्धार गर्न सकेनन् । 'बिडिलालले पानीमा खुट्टा राख्नबितिकै खाल्डोमा धेरै पानी रेहेको अनुमान लगाए । उनले लगाएको हरेक उपायले काम नगरेपछि गाउँमा अन्य मान्छे बोलाउन तिनै बच्चाहरूलाई पठाए । खेतमा जाँदै गरेका कपिलदेवले सो खबर पाएपछि घटनास्थल पुगे ।

बाँकी पृष्ठ २ मा

ULTRA-Fi
JUST GOT EVEN BETTER
200 Mbps
Internet Rs. 999/mo*
Internet with ViaTV Rs. 1100/mo*
For More Contacts,
Vianet Communication Limited
Bardibas Branch
+977 9801131433

अब बर्दिवासमै खुल्यो सुविधा सम्पन्न अस्पताल
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा–१ महोत्तरी (यातायात कार्यालयको सामुने)
हाम्रा सेवाहरु
• २४सै घण्टा इमरजेन्सी सेवा
• HDU, ICU, NICU सेवा
• २४ सै घण्टा डिलेभरी सेवा
• २४सै घण्टा ट्रमा(हाड जोर्नी एवं नशा)
• २४सै घण्टा अपरेशन सेवा
• २४सै घण्टा बाल रोग विशेषज्ञ सेवा
• २४सै घण्टा भिडियो एक्स–रे सेवा
• २४सै घण्टा ल्याब, प्याथोलोजी सेवा
• इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
• छाती, मुटु तथा पेट रोग विशेषज्ञ
• हाड जोर्नी तथा नशा रोग सेवा
• पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ
• नाक, कान, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
विशेषज्ञ डाक्टरद्वारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

प्रो. राम किसुन चौधरी
श्री जयसी बाबा ग्यासँ पसल
क्षीरेश्वरनाथ-५, महेन्द्रनगर सखुवा रोड
एन.एल + ग्यासँ वानको अधिकृत बिक्रेता
यहाँ थोक तथा खुद्रा ग्यासँ सिलीण्डरहरु पाईन्छ र राईस कुकर, कुकर, चुलो, रेगुलेटर, पाईप, लाईटर मर्मत गर्नुको साथै सुपथ मूल्यमा पाईन्छ।

## ....सम्पादकीय

# स्वास्थ्यमा तमासा हेरेर नबस

विशेष गरी टाइफाइड भएका बालबालिकालाई स्क्रपटाइफसको समस्या बढ्दो छ। कतिपयको यसकै कारण ज्यान जाँदा पनि सरकारको ध्यान पुगेको छैन । यसैले स्क्रपटाइफसका बारेमा जानकारीमूलक सन्देश दिनु जरुरी छ। आम नेपालीलाई के-कस्ता स्वास्थ्य समस्या भएमा कहाँ जाने र रोग अनुसारको विशेषज्ञ चिकित्सक कहाँ भेटिन्छ भन्ने विषयमा जानकारी गराउनु स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको दायित्व हो । तर यस्ता जानकारी पाउन नसक्दा नागरिकहरु ज्यान गुमाउनुपर्ने अवस्थामा पुगेका छन् । दिनहुँजसो नयाँ-नयाँ रोग भित्रिएको छ । सरकारले महामारीको रुप लिएमा मात्र जनचेतना जगाउने वा नाफामुखी व्यापारका रुपमा लिने हो र ? नेपाली जनताले स्वस्थ भएर बाँच्न पाउने नैसर्गिक अधिकारका विषयमा सरकारले चासो नदिनु दुःखद पक्ष हो । केही बर्षदेखि नेपालमा स्क्रपटाइफस मात्र नभएर डेंगुको जोखिम पनि उत्तिकै बढेको छ । तर केही समयअघि नागरिकको रक्षाका लागि स्थानीय सरकारले डेंगु नियन्त्रणका लागि कार्यक्रम ल्याएको सूचना जारी गरे पनि कार्यान्वयन भने शून्य रह्यो । सूचना सूचनापाटीमै सीमित भयो भन्दा अत्युक्ति नहोला । सबैभन्दा धेरै डेंगुको संक्रमण फैलिएको धरानमा केही दिन डेंगु नियन्त्रणका लागि चर्चा गरे पनि तुरुन्तै सेलायो । डेंगुको समस्या केही कम भए पनि जोखिम भने अहिलेसम्म कायमै रहेको स्वास्थ्य विज्ञहरुको दाबी छ । यता स्वास्थ्य मन्त्रालय भने देशमा कहाँ र कस्तो अवस्थामा डेंगु संक्रमण रहेको छ भन्ने जानकारी लिन अझै केही दिनपछि मात्र सातै प्रदेशका स्वास्थ्य प्रतिनिधिहरुसँग छलफल गर्ने तयारीमा रहेको छ । यता कहिले औषधि फ्री, उपचार फ्री त कहिले बेड फ्रीको लोकप्रिय नारा अघि सार्नमा सरकारका स्वास्थ्यमन्त्री व्यस्त रहेका छन् । नागरिकको स्वास्थ्यका विषयमा अनभिज्ञ मन्त्री एक समूहको अघि-पछि लाग्ने र प्रचारका भोका रहेको स्वास्थ्यकर्मीहरुले टिप्पणी गर्दै आएका छन् । तर मन्त्री भने अस्पतालको रिबन काट्ने, चिकित्सकको सरुवा गर्ने अनि आफ्ना अनुकूलका व्यक्तिलाई दायाँ-वायाँ राखेर ताली खानमै व्यस्त देखिन्छन् । स्वास्थ्य समस्याका विषयमा जानकारी पाउनु र उपचार सहज एवं सुलभरुपमा पाउनु नागरिकको नैसर्गिक अधिकार हो । संविधानमा नै नागरिकको नैसर्गिक अधिकार भनी सुनिश्चित गरिएको भए तापनि सरकारले व्यवास्ता गर्दै आएको छ। केही दिनदेखि स्वास्थ्य संस्थाहरुमा बिरामीका आफन्तले चिकित्सक कुट्ने र स्वास्थ्य संस्था तोडफोड गरेका कारण अस्पतालका सेवा ठप्प पारी चिकित्सक आन्दोलनमा उत्रिँदासमेत सरकार मुकदर्शक भएर बसेको छ। स्वास्थ्य सेवालाई चुस्त र दुरुस्त बनाउने निकायमै अराजक तत्वहरुले हातमा कानुन लिएर जथाभावी गर्दा पनि सरकारको सुरक्षा निकायका साथै स्वास्थ्य मन्त्रालय कता छ ? सरकारले यस विषयमा दोषीको पहिचान गरी कानुनी कारबाही गर्नुको सट्टा टुलुटुलु हेरेर जनस्वास्थ्यको खिल्ली उडाइरहेको छ । सरकारले आफ्नो जिम्मेवारी र दायित्व पूरा गर्न ढिला भैसक्यो, अब तमासा हेरेर नबस ।

# मधेशमा हरेक तीन दिनमा एक जनाको ....................

'उनले तीनपटक डुब्की लगाए धिरजलाई निकाले,' स्थानीय इन्द्रजित महतोले भने, 'निकालेर घुर्मी नचायौँ। हामीले उनको पेट, छाती थिचेर मुखबाट पानी निकाल्न प्रयास गर्यौं। तैपनि उनी बिउँझिएनन्।' गाउँलेले तत्कालै स्थानीय क्लिनिकमा पुर्याए। तर पानीमै उनको मृत्यु भइसकेको थियो । डाक्टरले पनि धिरजको मृत्यु भएको घोषणा गरिदियो। गाउँपालिकाले आर्थिक वर्ष २०७६/०७७ मा बिगही खोला उत्खननका लागि ठेक्का लगाएको थियो। बालुवा र गिट्टी नै नभएको यो खोलाबाट ठेकेदारले माटो खनेका थिए। स्थानीयका विरोधका बाबजुद ठेकेदारले त्यहीबेला यहाँ ठुल्ठूला खाल्डो खनेर माटो निकालेका थिए । धिरज डुबेको खाल्डो पनि गाउँपालिकाको मापदण्ड विपरीत खनिएको थियो। गाउँपालिकाको मापदण्डमा ३ फिटसम्म मात्रै खाल्डो खन्न पाउने उल्लेख भएपनि धिरज डुबेको खाल्डो ८ फिट खनिएको थियो। बटेश्वर गाउँपालिका-१ का वडाध्यक्ष अशोककुमार महतोका अनुसार त्यतिबेला मापदण्ड मिचेर जथाभावी उत्खनन हुँदा पालिका मौन बसेको थियो। 'गाउँपालिकाले अनुगमन गरेन, ठेकेदारलाई जति मन लाग्यो त्यति खने। गहिँरो खाल्डो बनाइदिएपनि भर्नुपर्थ्यो। व्यापकै लापरबाही भएको थियो। अर्को पनि यस्ता घटना नहोस् भनेर हामीले त्यो खाल्डो भर्ने निर्णय गरेका छौँ,' उनले भने। धिरजको मृत्युको घटनाले धुमासन टोल शोकमग्न छ । ठेकेदार र गाउँपालिकाको लापरबाहीले यो घटना भएको भन्दै स्थानीय आक्रोशित छन् । यो घटनाको एक साताअघि मात्रै जनकपुरधाम उपमहानगरपालिका– २५ स्थित केउटानी टोलमा स्थानीय उपभोक्ता समिति र संघीय आयोजना कार्यान्वयन ईकाइले गरेको लापरबाहीको मूल्य १७ महिने बालकले चुकाउनु परेको थियो। गत भदौ २९ गते स्थानीय रञ्जित मुखिया र पुनिताका छोरा रोहनको घर अगाडिको ढलान सडकमा नाली निर्माणका क्रममा बनाइको चेम्बर (मंगाल) मा जमेको गहुँत र पानीमा डुबेर मृत्यु भएको थियो। आर्थिक वर्ष २०७७/७८ मै बनेको सडकमा बनाइएको चेम्बरको खाल्डोमा ढक्कन नलगाइ छाडिएकाले बालक चेम्बरमा खसेका थिए। लापरबाही त्यहीँ रोकिएन । बालकको मृत्यु भइसकेपछि सो सडक निर्माण सम्पन्नै नगरी भुक्तानी लिएका उपभोक्ता समिती र भुक्तानी दिएको कार्यालयलाई कुनै कारबाही प्रक्रिया नै अगाडि बढाइएन। असोज ७ गते वडा कार्यालयमा बसेको बैठकले उपभोक्ता समितीलाई कारबाही गर्न कानुनी प्रक्रियामा नजाने शर्तमा मृतक परिवारलाई दुई लाख रूपैँया दिने सहमति गरेको छ। वडाध्यक्ष चन्देश्वर साहका अनुसार लगाउनुपर्ने ५१ वटा ढक्कन यहीँ महिनाभित्र लगाउने सहमति भएको छ। मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका अनुसार मधेश प्रदेशमा डुबेर मात्रै गत चार वर्षमा ४६० जनाको मृत्यु भएको छ। आर्थिक वर्ष २०७६/०७७ देखि २०७९/८० सम्म ४६० जनाको डुबेर ज्यान गएको प्रदेश प्रहरी कार्यालय जनकपुरले जनाएको छ । मृतकमध्ये बालबालिकामात्रै २ सय ६५ जना छन्। गत आर्थिक वर्षमा मात्रै प्रदेशमा १ सय ५५ जनाले ज्यान गुमाएका छन् । उनीहरूको पोखरी, खाल्डो, नदी तथा खोलामा डुबेर मृत्यु भएको छ। मृतक सबै उमेर समुहका छन्। आर्थिक वर्ष २०७९/०८० मा डुबेर मृत्यु भएका मध्ये ४८ जना बालक र ३३ जना बालिका छन्। ६२ जना पुरूष र १२ जना महिलाको डुबेर मृत्यु भएको तथ्यांक छ । गत आर्थिक वर्षमा धनुषा जिल्लामा मात्रै ४१ जनाको मृत्यु भएको छ। त्यसैगरि महोत्तरीमा २२, सिरहामा २१, रौतहटमा २१, सप्तीमा २०, सर्लाहीमा १६ र बारामा १३ जना छन्। यस अवधिमा खाल्डो वा पोखरीमध्ये कतिको कहाँ डुबेर मृत्यु भएको तथ्यांक भने नछुट्याइएको प्रदेश प्रहरी कार्यालयका डिएसपी जयकुमार झाले बताए। उनका अनुसार चालु आर्थिक वर्षमा पनि डुबेर दर्जन बढीको मृत्यु भइसकेपनि जिल्लाहरूबाट तथ्यांक आइसकेको छैन। डुबेर सबैभन्दा धेरै बालबालिकाको मृत्यु हुने घटनाका पछाडी मुख्य तीन कारण रहेको मधेश प्रहरी कार्यालयका एसएसपी प्रवीण पोखरेल बताउँछन्। 'पहिलो त गाउँ घरमा निर्माणको काम गर्दा खाल्डो खनेर छोडदिने लापरबाही। दोस्रो बालबालिकाहरू बिना अभिभावकै खोला, नाला, पोखरीमा पौडी खेल्न, नुहाउन जाने कुरा। र तेस्रो वर्षा हुँदा खोलामा ठूलो पानी आउँछ बालबाच्चाले पानीको स्तर कतिबेला बढ्छ थाहै पाउँदैनन्,' उनले भने । गएको आर्थिक वर्ष (२०७८/०७९) मा प्रदेशमा डुबेर ९९ जनाको मृत्यु भएको तथ्यांक छ। जसमध्ये ५६ जना बालबालिका छन्। ३४ जना पुरुष र ९ जना महिलाको समेत त्यस अवधिमा डुबेर मृत्यु भएको प्रहरीको तथ्यांकमा उल्लेख छ । सप्तरी, रौतहट र सिरहामा १९/१९, धनुषामा १३, महोत्तरीमा ५, सर्लाहीमा ७, बारामा ८ र पर्सामा ९ जनाको मृत्यु भएको छ । त्यसैगरि आर्थिक वर्ष २०७७/७८ मा मधेशमा १ सय २० जनाको डुबेर मृत्यु भएको थियो। जसमा ७१ जना बालबालिका, ९ जना महिला र ४० जना पुरुष थिए । रौतहटमा सबैभन्दा बढी २३ जना, बारा र सप्तरीमा २१-२१ जना, धनुषामा २० जना, पर्सामा १५ जना, महोत्तरीमा ८ जना, सिरहा र सर्लाहीमा ६/६ जनाको डुबेर ज्यान गएको थियो। 'गाउँघरमा बाटो बनाउँदा ठेकेदारले पुर्ने क्रममा खाल्डाहरू बनाएर छाडिदिन्छन्। बाटो बन्छ तर त्यसको दुईतिरै ठूला खाल्डो हुन्छ। त्यो नपुरिँदा वर्षायाममा पानीले भरिन्छ। यो नियमविपरीतको कामले पनि धेरै बालबालिकाको डुबेर ज्यान गएको छ,' इन्जिनियर कृष्ण महतो भन्छन्,' खाल्डो बनाएपछि पुर्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख हुन्छ। तर ठेकेदार त्यो कामबाट तर्किंदा मानवीय क्षति भइरहेको छ।' त्यसअघि आर्थिक वर्ष २०७६/७७ मा डुबेर ८६ जनाको मृत्यु भएको थियो। त्यसमध्ये ५७ जना बालबालिका, १० जना महिला र १९ जना पुरूष रहेको तथ्यांक छ। यी तथ्यांक हेर्दा प्रत्येक तीन दिनमा मधेश प्रदेशमा एकजनाको डुबेर मृत्यु भएको देखिन्छ। तर कुनै तहको सरकारले यसप्रति खासै चासो देखाएको पाइएको छैन। प्रदेश प्रहरी कार्यालय जनकपुरका एसएसपी पोखरेलले घटना घटाउनमा प्रत्यक्ष दोष कसैको हुन्न । त्यसैले प्रहरीले सिधै कारबाही गर्न सक्दैन। 'स्थानीय सरकार स्रोतसाधन सम्पन्न छन् उनीहरूले गर्नुपर्ने। त्यसमा के भूमिका खेल्नुपर्छ हामी तयार छौँ,' उनले भने, 'अप्रीय घटना भएपछि मात्रै आवाज उठ्छ। हामीले घटना हुँदा खाल्डो पुर्न, लापरबाही नगर्न भनिरहेकै हुन्छौँ। जनचेतना फैलाउनेदेखि जोखिमयुक्त ठाउँको खाल्डो पुर्ने, पोखरी छेउमा सावधानी अपनाउने काम स्थानीय सरकारले गर्नुपर्छ।' प्रदेशमा डुबेर मृत्यु हुनेको संख्या धेरै देखिएपछि नागरिकसँग प्रहरी साझेदारी कार्यक्रममा समेत यो मुद्दा समेट्ने तयारी भइरहेको उनले बताए । प्रहरीले स्थानीय तहलाई जथाभावी खनिएको खाल्डो पुर्न सुझाव दिइरहेपनि बेवास्ता गरिएको पाइएको छ । धनुषाको मिथिला नगरपालिका वडा नम्बर १, बसही खोला किनारमा ४० परिवारको बसोबास छ। टोलका सबैजसो परिवार ज्याला मजदुरी गरेर जीवन चलाउँछन् । ठूला मान्छे काममा जान्छन् । घरमा बालबालिका मात्रै हुन्छन् । बस्तीको सामुन्ने खोलाको बगरमा झन्डै एक दर्जन ठूल्ठूला खाल्डा छन्, पोखरी खनेर यसै छाडेको जस्तो। यी खाल्डा क्रसर व्यवसायी र निर्माण ठेकेदारहरूले ग्राभेल निकाल्दा बनाएका हुन्। वर्षातमा पानी जमेका बेला यहाँका बालबालिका पौडी पनि खेल्छन्। त्यस क्रममा तीन वर्षअघि यहाँ एक युवकको ज्यानै गइसकेको छ । यद्यपि, ती खाल्डो भर्न नगरपालिका तथा वडा कार्यालयले कुनै चासो देखाएको छैन । 'ठेकेदारले ग्राभेल निकाल्न २० फिटसम्म गहिरा खाल्डा खनेका छन् । यस्ता खाल्डा धेरै छन् । वर्षामा यी खाल्डा पोखरी जस्ता हुन्छन्,' स्थानीय ज्ञानी महराले भने, 'एकजना मरिसकेपछि हामीले पहिलेका वडाध्यक्षलाई पनि खाल्डो भरिदिन भन्यौँ। अहिलेकालाई पनि भनेका छौँ । तर कसैले चासो लिएन। दिनभर हामी मजदुरीमा जान्छौं, बालबच्चालाई घरमा बन्द गरेर पनि निस्किन सक्दैनौँ। हाम्रो बालबच्चाको ज्यान जोखिममा छ।' मधेश प्रदेशका गृह तथा संचारमन्त्री मोहम्मद सिमिमले डुबेर मृत्यु हुने घटनाको नियन्त्रण आफ्नो मन्त्रालयको नभइ विकास निर्माण गर्ने मन्त्रालयको भएको बताए । 'सडक छेउछाउमा खाल्डो खनेर राखदिन्छन् जसमा पानी जम्दा बालबच्चा डुब्छ। त्यसबारे समबन्धित मन्त्रीले चासो देखाउनुपर्‍यो। पोखरीकै सन्दर्भमा पनि लापरबाही गरि छोडिएको ठाउँमा उत्सुक्ता लिनुपर्यो,' उनले भने, 'सरकारले मात्रै गरेर पनि यो घटना नियन्त्रण हुन्न। अभिभावक पनि सचेत हुनुपर्छ। बालबच्चा कहाँ छन् के गरिरहेका छन् ख्याल राख्नुपर्‍यो।'

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन् । | तुला | मिहिनेत गर्दा लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ । |
| बृष | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउँदै दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । | वृश्चिक | प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । |
| मिथुन | व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ । | धनु | सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । |
| कर्कट | अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ । | मकर | तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ । |
| सिंह | तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ । | कुम्भ | काम बन्नुका साथै दिन लाभदायक र मनोरञ्जनपूर्ण र हनेछ । |
| कन्या | पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ । | मीन | समयमा होस नपुग्नाले खर्च मात्र हुनेछ । |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# नेपाललाई सबैभन्दा बढी ऋण विश्व बैंक र एडिबीको

## ११ खर्ब ७० अर्ब कुल वैदेशिक ऋणमा विश्व बैंक र एडिबीको हिस्सा ८१ प्रतिशत

**– कुल ऋणमा बहुपक्षीय दाताको हिस्सा अझै बढ्यो**
**– द्विपक्षीय ऋण सबैभन्दा बढी जापानको**
**– दुई महिनामै साढे १० अर्ब ऋण थपियो, तिर्न बाँकी कुल ऋण २३ खर्ब १० अर्ब पुग्यो**

**टक नेपाल, काठमाडौं ।**
नेपालले भुक्तानी गर्न बाँकी वैदेशिक ऋणमा सबैभन्दा बढी विश्व बैंक र एसियाली विकास बैंक (एडिबी)को रहेको देखिएको छ। आर्थिक वर्ष ०७९/८० को अन्त्यसम्ममा नेपालले भुक्तानी गर्न बाँकी वैदेशिक ऋण ११ खर्ब ७० अर्बबराबर पुगिसकेको छ। जसमध्ये विश्व बैंकको पाँच खर्ब ८० अर्ब र एडिबीको तीन खर्ब ७० अर्ब छ। कुल ऋणमा दुई अन्तर्राष्ट्रिय विकास साझेदार विश्व बैंक र एडिबीको मात्रै ८१.२ प्रतिशत हिस्सा छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत असार मसान्तसम्मको तथ्यांकअनुसार विश्व बैंकअन्तर्गतको अन्तर्राष्ट्रिय विकास संघ (आइडिए)लाई नेपाल सरकारले बुझाउन बाँकी ऋण पाँच खर्ब ८० अर्ब ३० करोड पुगेको छ, जुन नेपालको कुल वैदेशिक ऋणको ४९.६ प्रतिशतबराबर हो। नेपालको ऋण दायित्व सबैभन्दा धेरै भएको दोस्रो विकास साझेदार एडिबी हो। नेपालले एडिबीलाई तीन खर्ब ७० अर्ब पाँच करोड ऋण भुक्तान गर्न बाँकी छ, जुन कुल वैदेशिक ऋणको ३१.६ प्रतिशतबराबर हुन आउँछ। आइडिए र एडिबी दुवै बहुपक्षीय विकास साझेदार हुन्। दुवै नेपालका सबैभन्दा ठूला विकास साझेदार हुन्। यी विकास साझेदारले नेपाललाई ऋणका साथै अनुदान र प्राविधिक सहयोग समेत गर्दै आएका छन्। यी दुई विकास साझेदारले खासगरी भूकम्पपछिको पुनर्निर्माण तथा कोभिडको रोकथाम, नियन्त्रण र पुनरुत्थानका क्रममा ऋण दात्यिव बढाएको कार्यालयले जनाएको छ।




नेपालले तिर्न बाँकी ऋण
**कुन दाताको कति ?**

| ऋणदाता | ऋण रकम (रुपैयाँ) |
|---|---|
| विश्व बैंक (आइडिए) | ५ खर्ब ८० अर्ब ३० करोड |
| एसियाली विकास बैंक (एडिबी) | ३ खर्ब ७० अर्ब ५ करोड |
| जापान | ५३ अर्ब ९५ करोड |
| अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) | ५२ अर्ब ९ करोड |
| भारत | ३९ अर्ब ५९ करोड |
| चीन | ३४ अर्ब ५५ करोड |
| इन्टरनेसनल फन्ड फर एग्रिकल्चर डेभलपमेन्ट (आइफाइड) | १० अर्ब ५१ करोड |
| अर्गनाइजेसन अफ दी पेट्रोलियम एक्स्पोर्टिङ कन्ट्रिज (ओपेक) | ७ अर्ब ८६ करोड |
| युरोपियन इन्भेस्टमेन्ट बैंक (इआइबी) | ६ अर्ब ७५ करोड |
| दक्षिण कोरिया | ५ अर्ब ८५ करोड |
| साउदी कोष | २ अर्ब ८९ करोड |
| नोर्डिक डेभलपमेन्ट फन्ड (एनडिएफ) | १ अर्ब ९४ करोड |
| कुवेती कोष | १ अर्ब ८९ करोड |
| फ्रान्स | १ अर्ब ७ करोड |
| बेल्जियम | ६६ करोड |
| युरोपियन इकोनोमिक काउन्सिल (इइसी) | १९ करोड |
| एसियन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैंक (एआइआइबी) | ३ करोड |
| **कुल विदेशी ऋण** | **११ खर्ब ७० अर्ब २४ करोड** |

**कुल ऋणमा बहुपक्षीय दाताको हिस्सा अझै बढ्यो**

नेपालको वैदेशिक ऋण ११ खर्ब ७० अर्ब २४ करोडबराबर पुगेको छ। जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ११.०३ प्रतिशत अर्थात् एक खर्ब ४४ अर्ब ४० करोडले बढी हो। अघिल्लो आर्थिक वर्षमा कुल वैदेशिक ऋण १० खर्ब २५ अर्ब ८४ करोडबराबर थियो। नेपालको कुल ऋणमा बहुपक्षीय दाताको हिस्सा ८८ प्रतिशत र द्विपक्षीय दाताको हिस्सा १२ प्रतिशत छ। अघिल्लो आर्थिक वर्षमा कुल ऋणमा बहुपक्षीय दाताको हिस्सा ८७.१९ प्रतिशत र द्विपक्षीय दाताको हिसा १२.८७ प्रतिशत थियो। गत असार मसान्तसम्ममा बहुपक्षीय ऋण १० खर्ब २९ अर्ब ७६ करोड पुगेको छ। जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १५.१३ प्रतिशत अर्थात् एक खर्ब ३५ अर्ब ३० करोडले बढी हो। त्यस्तै, द्विपक्षीय ऋण एक खर्ब ४० अर्ब ४८ करोड पुगेको छ। जुन अघिल्लो आवको तुलनामा ६.९३ प्रतिशत अर्थात् नौ अर्ब १० करोडले बढी हो। अघिल्लो आवसम्ममा नेपालको बहुपक्षीय ऋण आठ खर्ब ९४ अर्ब ४६ करोड र द्विपक्षीय ऋण एक खर्ब ३१ अर्ब ३८ करोड रुपैयाँबराबर थियो।

**किन बढिरहेको छ वैदेशिक ऋण ?**

वैदेशिक ऋण दायित्व घटबढ हुनुमा साँवा भुक्तानी र ऋण प्राप्तिका अतिरिक्त विनिमय दरमा हुने परिवर्तन पनि प्रमुख कारकको रूपमा रहेको कार्यालयले जनाएको छ। ऋण भार बढ्नुमा ०७२ मा गएको भूकम्पपश्चात् पुनर्निर्माणमा बाह्य ऋण प्राप्ति बढ्नुका साथै ०७६/७७ देखि सुरु भएको कोभिड- १९ को महामारीको सामना गर्न लिइएको बाह्य ऋणमा भएको वृद्धि मूल कारक मानिएको छ। आर्थिक वर्ष ०७९/८० को अन्त्यसम्ममा नेपाल सरकारको कुल ऋण दात्यिव २२ खर्ब ९९ अर्ब ३५ करोड पुगेको छ। कुल दायित्वमा आन्तरिक ऋण ११ खर्ब २९ अर्ब १० करोड ३७ लाख रुपैयाँ र वैदेशिक ऋण ११ खर्ब ७० अर्ब २४ करोड ८७ लाख रुपैयाँबराबर छ। गत आर्थिक वर्ष ०७८/७९ सम्ममा नेपालको कुल ऋण २० खर्ब १३ अर्ब २९ करोड रुपैयाँबराबर थियो। जसमा वैदेशिक ऋण १० खर्ब २५ अर्ब ८४ करोड र आन्तरिक ऋण नौ खर्ब ८७ अर्ब ४४ करोड रुपैयाँबराबर थियो। आर्थिक वर्ष ०७९/८० को कुल गार्हस्थ्य उत्पादन (जिडिपी) ५३ खर्ब ८१ अर्ब ३३ करोडको अनुपातमा ऋण दायित्व ४२.७३ प्रतिशत पुगेको छ। यस्तो अनुपात अघिल्लो वर्ष ४१.५० प्रतिशत थियो। कुल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ लाई आधार मान्दा आर्थिक वर्ष ०७९/८० सम्ममा प्रतिव्यक्ति कुल ऋण दात्यिव ७८ हजार आठ सय ४० रुपैयाँ पुगेको छ।

**दुई महिनामै साढे १० अर्ब ऋण थपियो**

चालू आर्थिक वर्षको पहिलो दुई महिनामै नेपालको सार्वजनिक ऋण साढे १० अर्ब रुपैयाँले बढेको छ। भदौ मसान्तसम्ममा नेपालको कुल तिर्न बाँकी ऋण २३ खर्ब नौ अर्ब ८६ करोड पुगेको छ। असार मसान्तसम्म कुल ऋण २२ खर्ब ९९ अर्ब ३५ करोड रहेको थियो। यो दुई महिनामा सरकारले कुल ४९ अर्ब २३ करोड रुपैयाँ ऋण प्राप्ति गरेको छ भने ३८ अर्ब ७१ करोड रुपैयाँ ऋण भुक्तानी गरेको छ।

**द्विपक्षीयभन्दा बहुपक्षीय ऋण बढी हुनु राम्रो हो : डा. चन्द्रमणि अधिकारी अर्थशास्त्री**

अहिलेसम्म हाम्रो ऋणको प्रकृति नराम्रो छैन। कुल वैदेशिक ऋणमा ८० प्रतिशतभन्दा बढी हिस्सा बहुपक्षीय साझेदार (विश्व बैंक र एडिबी)को छ। संस्थागत ऋणको ब्याजदर कम हुन्छ, सेवा शुल्क कम हुन्छ, त्यस्तै म्याद अवधि पनि लामो हुन्छ। त्यसैले कुनै देशको भन्दा संस्थाको ऋण बढी हुनु राम्रो हो। देशको निजी स्वार्थ हुन्छन्। तर, पछिल्लो समय ऋण धेरै बढेको छ, त्यसमा पनि आन्तरिक ऋण धेरै बढेको छ जुन उचित होइन। आन्तरिक ऋण बढ्दा त्यसले अर्थतन्त्रमा दोहोरो प्रभाव पर्छ। एकातर्फ बजारमा तरलता अभाव बढाउँछ, अर्कोतर्फ ऋण सेवाको दायित्व बढ्छ। उत्पादन वृद्धि र पूर्वाधार विकास पनि सोही गतिमा भएको भए ऋण बढे पनि नराम्रो हुँदैनथ्यो। पुँजीगत खर्चको आकार र अनुपात घटेको छ, तर ऋण बढेको छ। ऋण लिएर व्यवस्थापनमा खर्च गरिरहेका छौं जुन उचित होइन।






# जलाउन लागेको महिलाको शव प्रहरी नियन्त्रणमा



■ टक नेपाल

सर्लाही । सर्लाहीको दक्षिण-पश्चिम ग्रामीण भेगस्थित रामनगरमा बुधबार दिउँसो अन्तिम संस्कारका लागि तयारी गर्दै गरेको महिलाको शव प्रहरीले नियन्त्रणमा लिएको छ । प्रहरीले अनुसन्धानका लागि मृतक महिलाका श्रीमान, ससुरा र देवरलाई पनि नियन्त्रणमा लिएको छ । रामनगर गाउँपालिका-१ खैर्वा बस्ने सुनिल साहकी श्रीमती वर्ष २१ की मनिषा साहको शव प्रहरीले शंका लागेर जलाउन लागेको अवस्थामा खोलाबाट नियन्त्रणमा लिएको हो ।

महिलाको शंकास्पद मृत्युको सूचना पाए लगतै नजिकको मनुष्मारा खोलामा जलाउन ठिक्क परेको अवस्थामा शव नियन्त्रणमा लिइएको सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) नरेशराज सुवेदीले जानकारी दिए । उनका अनुसार महिलाको घाँटीमा निलडाम देखिएको छ । महिलाको शव पोष्टमार्टमकालागि प्रादेशिक अस्पताल मलंगवामा ल्याइएको छ । अनुसन्धानका लागि महिलाको श्रीमान सुनिल, ससुरा रामेश्वर साह र देवर रामबाबु साहलाई प्रहरीले नियन्त्रणमा लिइएको एसपी सुवेदीले बताए । घटनास्थल र मृतक महिलाको घरमा प्रहरीले अनुसन्धानको गरिरहेको जिल्ला प्रहरी कार्यालयले जनायो ।

# गौशालामा मुस्लिम समुदायले मनाए 'मोहम्मद डे'



■ लभ ठाकुर

गौशाला । मुस्लिम समुदायका धर्म गुरु पैगम्बर हजरत मोहम्मद मुस्ताफा 'मोहम्मद डे' को १४ सय ९८ औं जन्मोत्सव महोत्तरीको गौशालामा मनाइएको छ । पैगम्वर हजरत मुहम्मदलाई इस्लाम धर्मको मुख्य प्रचारको धर्म गुरुको रूपमा मुस्लिम धर्मालम्बीहरूले लिने गरेका छन् । इस्लाम धर्ममा अल्लाह तथा खुदाको सबैभन्दा नजिकको दूतको रूपमा पैगम्वर हजरत मुहम्मदलाई लिने गरिन्छ । मुस्लिम समुदायको विभिन्न संघसंस्था, मदरसा, मस्जिदलगायतको आयोजनामा गौशालाका विभिन्न ठाउँहरूमा र्‍याली निकालेर 'मोहम्मद डे' मनाएको हो । धार्मिक वस्त्र, धार्मिक झन्डा, राष्ट्रिय झन्डा सहित मुस्लिम समुदाय नगर परिक्रमा गरेका छन् । इस्लामी पात्रो हिजारी सम्वतको रब्बिउल औवल महिनामा पैगम्बर महम्मदको जन्म भएकाले यो दिन हरेक वर्ष मुस्लिम समुदाय जन्म जयन्ती मनाउँदै आएका छन् । र्‍यालीमा गौशाला नगरपालिकाका नगर प्रमुख डा. दिपेन्द महतो, लगायतका जनपतिनीधीहरुको सहभागीता रहेको थियो ।

# आइसिपी परिसरमै ट्यांकरसहित इन्धनको तौल गर्न शुरु

■ टक नेपाल

वीरगंज । भारतबाट इन्धन ढुवानी गर्ने ट्याङ्करबाट इन्धनको तस्करी हुने गरेको रहस्य खुलेसँगै अहिले वीरगंजस्थित एकीकृत सुरक्षा जाँच चौकीमै ट्यांकरसहित इन्धनको तौल गर्न थालिएको छ । वीरगंज भन्सार कार्यालय र नेपाल आयल निगमको आपसी समझदारीमा आईसिपी परिसरमा रहेको तौल काँटामा इन्धन सहितको ट्याङ्करको तौल गर्न थालिएको हो । वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिला राम पन्थीले बीरगंज नाका हुँदै भारतबाट इन्धन ढुवानी गर्ने ट्याङ्करहरूको तथ्याङ्क पनि राख्न थालिएको बताउनु भयो । सामान्यतया एउटा ट्याङ्करले २० हजार लिटर इन्धन बोक्ने गरेको र त्यसभन्दा बढी परिमाणमा इन्धन बोकेको पाइए त्यो तस्करी प्रमाणित हुने उहाँले बताउनुभयो । हाल वीरगंज नाकाबाट दैनिक सरदर ८५ ट्याङ्करले भारतको बरौनीबाट पेट्रोल ढुवानी गरेर ल्याउने गरेका छन् । डिजेल भने मोतिहारी-अमलेखगन्ज पाइप लाइनबाट सोझै नेपाल आयल निगमको अमलेखगन्ज डिपोमा भित्रिने गरेको छ । वीरगंज नाका मुलुककै सर्वाधिक इन्धन भित्रिने नाका हो । वीरगंज भन्सार कार्यालय आईसिपीले सङ्कलन गर्ने कुल राजस्वमा इन्धनको यो गदान सबैभन्दा बढी हुने गर्दछ । भदौ २९ गते एकीकृत सुरक्षा जाँच चौकी परिसरमै इन्धन तस्करी कार्यमा संलग्न एक ट्यांकरलाई भन्सार अधिकारी हरुले नियन्त्रणमा लिएका थिए । भारतको बरौनीबाट २० हजार लिटर पेट्रोल लिएर आएको घोषणा गरेको ना ४ ख ३१५६ नम्बरको ट्याङ्करबाट भन्सार अधिकारीहरुले घोषित परिमाणभन्दा १ हजार ७ सय ९७ लिटर बढी पेट्रोल बरामद गरेको पन्थीले बताउनुभयो । सीमापारि रक्सौलमा भारतीय एकीकृत सुरक्षा जाँच चौकीमा इन्धन बोकेर नेपाल आउने ट्याङ्करहरूको इन्धनको तौल हुने गरेको र नेपाल तर्फ भने इन्धनको जाँच नहुँदा यसको फाइदा बिचौलियाहरूले उठाउँदै आएका थिए ।

# जसपा पर्सामा विवाद, बहुमत सदस्यले हटाए अध्यक्ष

■ टक नेपाल

पर्सा । जनता समाजवादी पार्टी नेपाल पर्सा जिल्ला समितिमा विवाद उत्पन्न भएको छ । जसपा जिल्ला समितिका बहुमत सदस्यले जिल्ला अध्यक्ष रामनरेश यादवलाई हटाएर बहुदरामाइ नगरपालिकाका मेयर सिंहासन साह तेलीलाई अध्यक्ष बनाएका छन् । हिजो बसेको जिल्ला समितिको बैठकले सो निर्णय गरेको हो । चार वर्षसम्म पार्टीको जिल्ला अध्यक्ष हुँदा अधिवेशन गराउन नसकेको, अध्यक्ष भएर आएपछि जिल्लामा पार्टी कमजोर भएको, जिल्लाका नेताहरुले पार्टी छाडेर अन्य पार्टीमा प्रवेश गर्दै गरेको कारण देखाउँदै यादवलाई हटाइएको जसपाका नेता एवं वीरगञ्ज महानगरपालिका मेयर राजेशमान सिंहले बताए ।



उनले रामनरेश यादव पार्टीको अध्यक्ष भएदेखि जसपा आरोलो लागेको तैपनि ध्यान नदिएको आरोप लगाए । अध्यक्षबाट हटाइएका रामनरेनश यादवले भने आफूमाथि जिल्ला समितिले गरेको भनिएको निर्णय फर्जी भएको बताए । उनले भने, 'जिल्ला समितिले मलाई हटाइएको भनिएको निर्णय फर्जी हो ।' जिल्ला समितिको बैठक बोलाइएको तर त्यो बैठकको बारेमा आफूलाई नै थाहा नरहेको उनले बताए । यादवले पार्टीभित्रका केही बर्चस्वशाली व्यक्ति भेला भई गरेको यो निर्णयको कुनै अर्थ नरहेको बताए । केही व्यक्तिको सनकका कारण पार्टी बर्बाद भइरहेको बताउँदै उनले आफू नै जिल्ला अध्यक्ष रहेको बताए । प्रदेश समितिका अध्यक्ष रामबाबु यादवले प्रदेश समितिले निर्णय नगरेसम्म अध्यक्ष आफू नै रहेको भनेको बताउँदै यादवले भने, 'जिल्ला अधिवेशन गराउनका लागि पार्टीबाट कुनै सर्कुलर आएको छैन, विगतमा अधिवेशन गराउन खोजेकै हो तर बीच बीचमा विभिन्न पार्टीसँग भएको एकीकरणका कारण अधिवेशन सर्दै आइरहेको छ ।' उनले थप भने, 'अहिले नयाँ विधान आएको छ, त्यस विधानको आधारमा अधिवेशन गराउने तयारी आफ्नो रहेको छ यस विषयमा पार्टी केन्द्रीय नेतृत्वसँग छलफल पनि भइरहको छ ।'

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com